# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## नयाँगाउँ, प्युठान, ५ नं. प्रदेश, नेपाल

# कर्मचारी भर्ना सम्बन्धी माण्डवी गाउँपालिकाको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७५/०८/०४)**

प्रस्तुत विषयमा यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा रही तपशिलका कर्मचारीहरु करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन। दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.mandavimun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**१. पदको विवरण**

| क्र.स | बिज्ञापन नं. | विज्ञापनको किसिम | पद | श्रेणी/तह | पद संख्या | परिक्षा दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १. | १४-०७५/७६ | करार सेवा | अ.हे.व | सहायक चौथौ | १ | ५००/- |
| २. | १५-०७५/७६ | करार सेवा | अ.न.मि | सहायक चौथौ | १ | ५००/- |

**२. दरखास्त दिने अन्तिम मिति:** २०७५/०८/१८ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन।

**३. आवश्यक न्युनतम शैक्षिक योग्यता:**

**क) अ.हे.व को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व वा सी.एम.ए कोर्ष उत्तीर्ण गरि नेपाल हेल्थ प्रोफेस्नल काउन्सिल मा दर्ता भएको।

**ख) अ.न.मिको लागि:** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि कोर्ष उत्तीर्ण गरि नर्सिङ्‌ काउन्सिलमा दर्ता भएको।

**४. आबश्यक कागजात-** १)व्यक्तिगत विवरण(Bio-Data), (२) नेपाली नागरिकताको प्रमाण-पत्र, ३) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (४) शैक्षिक योग्यताको प्रमाणपत्रहरु तथा नेपाल हेल्थ प्रोफेस्नल काउन्सिलमा र नर्सिङ्‌ काउन्सिलमा दर्ता भएको (प्रमाण पत्र) (५) अनुभवका प्रमाण-पत्रहरु। (६) दरखास्त दस्तुर बुझाएको नगदी रसिद उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू १ प्रति स्वयंम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा स्वयम उपस्थित भई पेश गर्नुपर्नेछ।

**५. उमेद्वारको उमेरको हद:** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

**६. दरखास्त बुझाउने स्थान:** माण्डवी गाउँ कार्यपालिकाको कार्यालय , नयाँगाउँ ,प्युठान।

**७. परिक्षाको किसिम:** लिखित, अन्तर्वार्ता र आवश्यक परेमा प्रयोगात्मक परिक्षा लिन सकिनेछ।

**८. सम्पर्क मिति :** २०७५/०८/ १९ गते लिखित परिक्षाको मिति सम्पर्क मितिमा तोकिनेछ।

**९. तलब स्केल: गाउँपालिकाको नियमानुसार।**

**१०. करार अवधि:** २०७६ आषाढ मसान्त सम्म।

**११. थप जानकारीको लागि सम्पर्क नं. :** ९८५७८३३२३३, ९८४७११७६८७, ९८५७८३६००६

**१२.**सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२०७५।०८।०२

**नारायण पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**

नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत